# सिँजा गाउँपालिका
# गाउँ कार्यपालीकाको कार्यालय
## कृषि विकास शाखा

नराकोट, जुम्ला
कर्णाली प्रदेश, नेपाल

प्रत्र संख्या :-२०८१/०८२

**सिंजा गाउँपालिका वडा नं ३ को नराकोट बजारमा कोल्ड स्टोर पुर्वाधार निर्माण कार्य का लागि प्रस्ताव आह्वानको सूचना**

*(दोस्रो पटक सुचना प्रकाशित मिति २०८१।१०।२८ गते)*

सूचना नं. ०२

प्रस्तुत विषयमा सिंजा गाउँपालिका कृषि विकास शाखा नराकोट जुम्लाको आ.व.२०८१।०८२ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार संघिय सशर्त अनुदान तर्फको बजेट बाट गत आ.व. २०८१।०८२ मा ***सिंजा गाउँपालिका वडा नं ३ को नराकोट बजारमा कोल्ड स्टोर पुर्वाधार निर्माण कार्य*** संचालन गर्नुपर्ने भएकाले ***प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१*** बमोजिम तपशिल अनुसारका शर्त तथा आवश्यक कागजात सहित इच्छुक कृषक समुह/ कृषि सहकारी संस्था/ कृषि फार्म /उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि प्रथम पटक २०८१।०८।१७ गते १५ दिने सूचना प्रकाशित भएको र उक्त अवधि भित्र १(एक) मात्र समुहले आवेदन दिएको हुदा पुन दोस्रो पटक ७ (सात)दिन वा(मिति २०८१/११/०४ गते ) भित्र कार्यालय समयमा तपशिल अनुसारका कागजात संलग्न राखि कार्यविधिमा तोकिएको अनुसुचि-२ अनुसार आबेदन सहित आवश्यक कागजात पेश गर्नहुन सम्बन्धित सम्पुर्णमा जानकारीको लागि यो सूचना प्रकाशित गरिन्छ ।साथै यस सम्बन्धी थप जानकारीको लागि गाउँपालिकाको वेवसाईट www.sinjamun.gov.np वा फोन नं ९८४८३९१९०३, ९८६८२९६३९६ मा सम्पर्क गर्न सकिनेछ ।

**आबश्यक कागजातहरु**

क) अनुसुचि २ अनुसारको आबेदन फारम सहित रु १० को हुलाक टिकट टाँस गरिएको हुनु पर्नेछ ।
ख) सम्बन्धित निकायमा कृषि समुह,सहकारी,कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि
ग) सहकारी तथा निजि कृषि फार्मको हकमा अघिल्लो आ.ब. को लेखा परिक्षण सहितको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
घ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
ङ) सम्बन्धित कृषि समुह सहकारीको निर्णयको प्रतिलिपि
च) जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी
छ) समुह सहकारीका अध्यक्ष सचिव र कोषाध्यक्ष को नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ज) प्रतिवद्धता पत्र ।

नोटः- कृषक समुह तथा कृषि सहकारीको हकमा १५(पन्ध्र)प्रतिशत र निजि फार्म तथा उद्यमीको हकमा ५०(पचास) प्रतिशत रकम साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।

टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत

टेक बहादुर शाही
प्रमुख प्रशासकीय अधिकृत